# मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३ (प्रथम संशोधन, २०७९)

**प्रस्तावनाः**

मूल्य तथा शोधनान्तर स्थिरता कायम गर्दै समग्र वित्तीय प्रणालीको विकासका लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भएबमोजिम नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५९/६० देखि मौद्रिक एवम् वित्तीय क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु र सोको समीक्षा संलग्न गरी औपचारिक रुपमा मौद्रिक नीति सार्वजनिक गर्दै आएको सन्दर्भमा यस कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन वाञ्छनीय देखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा ३ बमोजिम यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३ (प्रथम संशोधन, २०७९)"** हुनेछ ।

(२) यो कार्यविधि नेपाल राष्ट्र बैंकको गभर्नरले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।♥

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "संचालक समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको संचालक समिति सम्झनु पर्छ ।

(घ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ३३ बमोजिम गठन भएको बैंकको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "मौद्रिक नीति" भन्नाले ऐनको दफा ९४ बमोजिम बैंकबाट जारी गरिएको मौद्रिक नीति सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

(च) "समीक्षा" भन्नाले मौद्रिक नीतिको अर्द्धवार्षिक र त्रैमासिक रुपमा गरिने समीक्षात्मक विवरणलाई जनाउँदछ ।

---

♥ श्रीमान् गभर्नरज्यूको अध्यक्षतामा मिति २०७९/०१/२१ मा बसेको बैंकको व्यवस्थापन समितिको ४७८औं बैठकबाट स्वीकृत ।

(छ) “विभाग” भन्नाले बैंक अन्तर्गत रहेको आर्थिक अनुसन्धान विभाग सम्झनु पर्छ ।

(ज) “अन्य विभाग” भन्नाले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयनमा संलग्न आर्थिक अनुसन्धान विभाग बाहेकका नेपाल राष्ट्र बैंकका अन्य विभाग/कार्यालय/इकाई/महाशाखा तथा प्रदेश स्थित कार्यालयहरुलाई जनाउँदछ ।

(झ) “सरोकारवाला” भन्नाले मौद्रिक नीतिबाट प्रत्यक्ष रुपमा प्रभावित बैंक तथा वित्तीय संस्थाहरु र अप्रत्यक्ष रुपमा प्रभावित विभिन्न वस्तु तथा सेवाको व्यवसायसँग सम्बन्धित संघ/संस्थाहरु, बीमा, धितोपत्र, सम्झौतीत बचत लगायतका कार्य गर्ने संघ/संस्थाहरुलाई जनाउँदछ ।

(ञ) “मस्यौदा” भन्नाले मौद्रिक नीति वा समीक्षाको लागि तयार पारिएको प्रारम्भिक ड्राफ्टलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## मौद्रिक नीतिको मस्यौदा

३. **मौद्रिक नीतिको मस्यौदा तयार पार्ने विधिः** (१) विभागीय प्रमुखले विभागको मौद्रिक तथा पुँजीबजार शाखालाई मौद्रिक नीतिको प्रारम्भिक मस्यौदा तयार पार्न बैंकका अन्य विभाग/कार्यालय/महाशाखा/इकाई र प्रदेशस्थित कार्यालयहरुसँग आवश्यक समन्वय र सहयोगको लागि पत्राचार गर्न लगाउनेछन् ।

(२) विभागले अन्य विभाग/कार्यालय/महाशाखासँग मौद्रिक नीतिसँग सम्बन्धित विवरण, कार्यक्रम तथा तथ्याङ्क/सूचना माग गर्न सक्नेछ र सम्बन्धित विभाग/कार्यालय/महाशाखाले तोकिएको समयमै मागिएको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(३) विभागले मौद्रिक नीति तर्जुमाका सिलसिलामा सम्बन्धित सरोकारवालाहरुसँग पत्राचार गरी राय/सुझाव माग गर्न सक्नेछ । यसरी प्राप्त सुझावहरुलाई औचित्यका आधारमा विभागले मस्यौदामा समावेश गर्न सक्नेछ ।

(४) विभागीय प्रमुखले मौद्रिक नीतिको मस्यौदा तयारीको लागि आवश्यक विषयमा विभागका सम्बन्धित अधिकृतहरुलाई विविध कामको जिम्मेवारी दिन सक्नेछन् ।

(५) विभागको मौद्रिक तथा पुँजीबजार शाखाले मौद्रिक नीतिको सचिवालयको रुपमा तोकिएको सम्पूर्ण कार्य गर्नेछ ।

४. **अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने**: (१) विभागले मौद्रिक नीतिको मस्यौदा तयार गर्ने सिलसिलामा सम्बन्धित सरोकारवाला तथा विषय विज्ञहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी राय/सुझाव संकलन गर्न सक्नेछ ।

(२) यसरी संकलित सुझावलाई लिपिबद्ध गरी उपयुक्त राय/सुझावलाई मौद्रिक नीतिको मस्यौदामा समावेश गर्न सक्नेछ ।

(३) अन्तरक्रिया कार्यक्रम आयोजना तथा सञ्चालन गर्ने जिम्मेवारी विभागको हुनेछ ।

**५. विभागीय प्रमुखले मस्यौदा तयार पार्न लगाउने:** (१) विभागीय प्रमुखले विभागका सवै निर्देशकहरुसँग आवश्यक छलफल तथा अन्तरक्रिया गरी विभागको मौद्रिक तथा पुँजीबजार शाखालाई मौद्रिक नीतिको प्रारम्भिक मस्यौदा तयार पार्न लगाउनेछन् ।

(२) विभागीय प्रमुखले मौद्रिक नीतिको प्रारम्भिक मस्यौदा अध्ययन गरी आवश्यक परिमार्जन गर्न लगाउन सक्नेछन् ।

**६. अन्तर-विभागीय तहमा छलफल गर्ने:** (१) मौद्रिक नीतिका लागि अन्य विभाग तथा सरोकारवालाहरुबाट प्राप्त सुझावहरुलाई अन्तिम रुप दिन विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा देहायको अन्तर विभागीय सुझाव समन्वय समिति गठन गरिनेछ ।

| | |
|---|---|
| कार्यकारी निर्देशक, आर्थिक अनुसन्धान विभाग | संयोजक |
| कार्यकारी निर्देशक, बैंक तथा वित्तीय संस्था नियमन विभाग | सदस्य |
| कार्यकारी निर्देशक, विदेशी विनिमय व्यवस्थापन विभाग | सदस्य |
| कार्यकारी निर्देशक, बैंक सुपरिवेक्षण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, वित्तीय संस्था सुपरिवेक्षण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, मौद्रिक व्यवस्थापन विभाग | सदस्य |
| कार्यकारी निर्देशक, भुक्तानी प्रणाली विभाग | सदस्य |
| निर्देशक, आर्थिक अनुसन्धान विभाग (मौद्रिक तथा पुँजी बजार शाखा हेर्ने) | सदस्य सचिव |

(२) बुँदा ६ (१) बमोजिम गठित समितिको संयोजकले आवश्यकता अनुसार बैठक बोलाउन सक्नेछन् ।

(३) विभागीय प्रमुखले आवश्यक ठानेमा मस्यौदामा समावेश कुनै विषयवस्तुमा सम्बन्धित विषयका विशेषज्ञको समेत राय लिन सक्नेछन् ।

(४) अन्तर विभागीय सुझाव समन्वय समितिको बैठकमा छलफलमा उठेका विषयवस्तु र सुझावहरुलाई विभागले यथाशक्य सम्बोधन गरी मस्यौदामा समावेश गर्नेछ ।

(५) बुँदा ६ (१) बमोजिम गठन हुने अन्तर विभागीय सुझाव समन्वय समितिको बैठक कार्यालय समय अघिपछि वा सार्वजनिक विदाका दिन बस्नु पर्ने भएमा समितिका सदस्य र संलग्न कर्मचारीहरुलाई नियमानुसारको भत्ता र बैठकको लागि खाजा खर्च प्रदान गरिनेछ ।

## परिच्छेद-३

## मस्यौदामा छलफल तथा स्वीकृति

७. **व्यवस्थापन समितिमा पेश गर्नेः** (१) अन्तर-विभागीय सुझाव समन्वय समितिको बैठकमा प्राप्त राय/सुझाव समेतका आधारमा तयार पारिएको मौद्रिक नीतिको प्रारम्भिक मस्यौदालाई विभागले व्यवस्थापन समितिमा पेश गर्नेछ ।

(२) व्यवस्थापन समितिले प्रारम्भिक मस्यौदाउपर बुँदागत छलफल गरी विभागलाई आवश्यक परिमार्जन गर्न निर्देशन दिनेछ ।

(३) व्यवस्थापन समितिको निर्देशन अनुसार विभागले प्रारम्भिक मस्यौदामा बुँदागत रुपमा परिमार्जन गरी पुनः व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ ।

(४) व्यवस्थापन समितिले आवश्यक ठानेमा बैंकका अन्य विभागका प्रमुख एवम् अधिकृतहरुलाई छलफलमा सहभागी गराउन सक्नेछ ।

(५) व्यवस्थापन समितिबाट पारित मौद्रिक नीतिको अन्तिम मस्यौदा विभागले संचालक समिति समक्ष पेश गर्नुपर्नेछ ।

तर कुनै कारणले व्यवस्थापन समितिको बैठक बस्न नसक्ने भएमा विभागले तयार पारेको मौद्रिक नीतिको मस्यौदालाई सोझै संचालक समितिमा पेश गर्न यस बुँदाले बाधा पुऱ्याएको मानिने छैन ।

८. **संचालक समितिमा बुँदागत छलफल गर्नेः** (१) मौद्रिक नीतिको अन्तिम मस्यौदाउपर संचालक समितिले बुँदागत रुपमा छलफल गर्नेछ ।

(२) छलफलमा परिमार्जित बुँदाहरुलाई सम्बोधन गरी विभागले पुनः संचालक समितिमा पेश गर्नेछ ।

९. **मौद्रिक नीति पारित गर्नेः** (१) संचालक समितिको बैठकले छलफलमा सहमति भएबमोजिम आवश्यक परिमार्जन सहित मौद्रिक नीति पारित गर्नेछ ।

## परिच्छेद-४

## मौद्रिक नीति सार्वजनिक गर्ने

१०. **मौद्रिक नीति सार्वजनिक गर्नेः** (१) संचालक समितिबाट मौद्रिक नीति पारित भईसकेपछि विभागले यथाशक्य छिटो सार्वजनिक गर्ने प्रबन्ध गर्नेछ ।

(२) मौद्रिक नीति सार्वजनिक भैसकेपछि उक्त नीतिको नेपाली र अंग्रेजी संस्करण बैंकको वेवसाईटमा राखिनेछ ।

(३) मौद्रिक नीति सार्वजनिक गर्ने समारोहमा मिडिया, पत्रकार तथा अतिथि आमन्त्रण गर्ने लगायतका अन्य व्यवस्थापकीय कार्य गभर्नरको कार्यालयले गर्नेछ ।

**११. मौद्रिक नीति संचारको दायरा फराकिलो बनाउने:** बुँदा १० मा उल्लिखित प्रावधानका अतिरिक्त नवीनतम् प्रविधि प्रयोग गरी मौद्रिक नीति सार्वजनिक गर्ने प्रबन्ध मिलाइनेछ ।

## परिच्छेद-५

## विविध

**१२. समयसीमा**: (१) विभागले वार्षिक मौद्रिक नीति तर्जुमाको लागि जेठ महिनाको दोस्रो हप्ताभित्र र त्रैमासिक तथा अर्द्धवार्षिक समीक्षाको लागि हरेक त्रयमास समाप्त भएको १५ दिनभित्र मौद्रिक नीतिका लागि आवश्यक राय सुझाव माग गर्न पत्राचार गर्नेछ ।

(२) प्राप्त राय/सुझावउपर आवश्यकता अनुसार वार्षिक मौद्रिक नीति तर्जुमाको लागि प्रत्येक वर्षको असार महिनाको पहिलो हप्तादेखि र त्रैमासिक तथा अर्द्धवार्षिक समीक्षाको लागि हरेक त्रयमास समाप्त भएको १५ दिन पछि अन्तर विभागीय सुझाव समन्वय समितिमा छलफल गरिनेछ ।

(३) अन्तर विभागीय सुझाव समन्वय समितिमा छलफल सम्पन्न भए पछि मौद्रिक नीतिको मस्यौदा उपर व्यवस्थापन समितिमा छलफल प्रारम्भ गरिनेछ ।

(४) संचालक समितिबाट पारित भएपछि सामान्यतः वार्षिक मौद्रिक नीति हरेक आर्थिक वर्ष शुरु भएको पहिलो हप्ताभित्र र त्रैमासिक तथा अर्द्धवार्षिक समीक्षा हरेक त्रयमास समाप्त भएको ३० दिनभित्र सार्वजनिक गरिनेछ ।

**१३. कार्यान्वयन तालिका बनाउने:** (१) सामान्यतः मौद्रिक नीति सार्वजनिक भएको एक हप्ताभित्र विभागले अन्य विभागसँगको समन्वयमा कार्यान्वयन तालिकाको मस्यौदा तयार गर्नेछ ।

(२) कार्यान्वयन तालिकाको मस्यौदा तयार पार्दा मौद्रिक नीतिको प्रावधान, कार्यान्वयन मापन गर्ने सूचक, अपेक्षित उपलब्धी, जिम्मेवार विभाग र कार्यान्वयन गर्न लाग्ने समय सहितको तालिका तयार गर्नुपर्नेछ ।

(३) बुँदा १३ (२) बमोजिम तयार भएको मौद्रिक नीतिको कार्यान्वयन तालिका व्यवस्थापन समिति समक्ष पेश गरिनेछ ।

(४) व्यवस्थापन समितिको बैठकबाट पारित मौद्रिक नीतिको कार्यान्वयन तालिका कार्यान्वयनका लागि विभागले अन्य विभागहरुलाई पत्राचार गर्नेछ ।

**१४. मौद्रिक नीतिको अर्द्धवार्षिक र त्रैमासिक समीक्षा:** मौद्रिक नीतिलाई समय सापेक्ष परिमार्जन गर्न अर्द्धवार्षिक र त्रैमासिक समीक्षा गरिनेछ ।

(१) मौद्रिक नीतिको अर्द्धवार्षिक र त्रैमासिक समीक्षाको प्रक्रिया वार्षिक मौद्रिक नीतिको प्रक्रिया सरह हुनेछ । तर, मौद्रिक नीतिको त्रैमासिक समीक्षा गर्दा विभागले सरोकारवालाहरुसँग अन्तरक्रिया गरी वा नगरी राय/सुझाव संकलन गर्न सक्नेछ ।

**१५. गोपनियता कायम गर्नुपर्ने:** मौद्रिक नीति तयार पार्ने क्रममा प्राप्त राय/सुझाव, तथ्याङ्क, विवरण एवम् जानकारी यसमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा संलग्न हुने बैंकका कर्मचारी तथा संचालकहरु सबैले मौद्रिक नीति सार्वजनिक नभएसम्मका लागि गोप्य राख्नु पर्नेछ ।